इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

इस्मा रजस्थल, गुल्मी लुम्बिनी प्रदेश, नेपाल

प.सः २०८३।०८४
च.नं : सूचना नं.-४४

इस्मा गाउँपालिका भएर बग्ने छल्दी, निस्ती र कुखुरे खोलाहरुको विभिन्न बगर क्षेत्रहरुबाट दिगो रुपमा ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् तथा संकलन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन तयारी सम्बन्धमा सार्वजनिक सुनुवाईको सूचना ।

प्रकाशन मितिः २०८३/०८/०७

इस्मा गाउँ कार्यपालिकाको कार्यालय इस्मा रजस्थल गुल्मीद्वारा निम्न बमोजिमको प्रस्ताव लुम्बिनी प्रदेश वातावरण संरक्षण नियमावली २०७७ अनुसार कार्यान्वयन गर्न लागिएको छ।

प्रस्तावकको नाम र ठेगाना	इस्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, इस्मा रजस्थल, गुल्मी ईमेलः info@ismamun.gov.np; फोन नं.: ९८५७०६७९१४
प्रस्तावको व्यहोरा	इस्मा गाउँपालिका क्षेत्रमा पर्ने छल्दी, निस्ती र कुखुरे खोलाहरुको विभिन्न बगर क्षेत्रहरुबाट दिगो रुपमा ढुङ्गा, गिट्टी, बालुवा, रोडा आदि नदीजन्य पदार्थ संकलन तथा उत्खनन् गर्ने कार्य
प्रभाव पर्न सक्ने वडाहरु	गुल्मी जिल्ला, इस्मा गाउँपालिका, वडा नं १,२,३, र ६

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको वडा तथा त्यस क्षेत्रका विद्यालय, सामुदायिक वन, स्वास्थ्य चौकी, जन-प्रतिनिधि तथा सरोकारवाला व्यक्ति तथा संघ संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले तपसिल बमोजिमको मिति, समय र स्थानमा हुने सार्वजनिक सुनुवाईमा उपस्थित भई राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ।

सार्वजनिक सुनुवाई कार्यक्रम संचालन हुने मिति, स्थान, र समय

मिति	क्षेत्र	समय	स्थान
२०८३/०८/०९	वडा नं. १, २ र ३ का क्षेत्रहरु	विहान ८ बजे	वडा नं. २ को कार्यालय
२०८३/०८/०९	वडा नं. ६ का क्षेत्रहरु	विहान ११ बजे	वडा नं. ६ को कार्यालय

सुरज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

सुरज अधिकारी
प्रमुख प्रशासकीय अधिकृत